## नेपाल ईट्टा उद्योग महासंघ
## सामाजिक आचारसंहिता कार्यान्वयन

# संचालन कार्यबिधि
# मस्यौदा

२०७६



ICIMOD

MinErgy Pvt. Ltd

UKaid
from the British people

# विषय सूची


पेज १

**१. अवधारणा र औचित्य**

पेज १

**२. कार्यबिधिको दायरा**

पेज २-८

**सिद्धान्त १: प्रभावकारी रुपमा बालश्रमको अन्त्य**

१.१ मापदण्ड: कानूनी अभिभावक बिनाका १४ बर्ष मुनीका बालबालिकाहरुलाई उद्योगमा आउने तथा श्रममा संलग्नता गराउने छैन् ।

१.२ मापदण्ड: अभिभावक संगै आएका १४ बर्ष मुनीका बालबालिकाहरुलाई श्रममा संलग्नता लगाउने छैन् ।

१.३ १५ देखि १८ बर्षका बालबालिकाहरुलाई बिशेष परिस्थिति र शर्तमा मात्रै श्रममा संलग्नता गराउने ।

पेज ९-११

**सिद्धान्त २: रोजगारका शर्तहरुमा पारदर्शीता**

२.१ मापदण्ड: आवश्यक आधिकारिक र प्रामाणिक अभिलेख सहित रोजगारीको अवस्था भएको

२.२ मापदण्ड: बैंक मार्फत पारिश्रमिकको भुक्तानी गरिने

२.३ मापदण्ड: न्यूनतम ज्यालाको ब्यवस्था गरिएको

२.४ मापदण्ड: पुष मसान्त भित्र आन्तरिक लेबर अडित गरीएको

पेज १२-२४

**सिद्धान्त ३: कार्यस्थलमा आधारभुत सुविधा**

३.१ सुरक्षित आवासको ब्यवस्था गरिएको ।

३.२ महिला तथा पुरुष कामदारहरुको लागि अलग अलग शौचालयको ब्यवस्था गरिने ।

३.३ सफा पानीको ब्यवस्थामा पहुँच भएको ।

३.४ प्राथमिक स्वास्थ्य सेवामा पहुँच भएको ।

३.५ बत्तिमा पहुँच भएको ।

३.६ ब्यवसायजन्य सुरक्षा तथा स्वास्थ्यका उपाय अविलम्बन गरिएको ।

३.७ ब्यक्तिगत दुर्घटना बिमा भएको ।

३.८ चिकित्सा बिमा को ब्यवस्था गरिएको ।

३.९ बिश्राम गर्ने समयको ब्यवस्था गरिने ।

पेज २५-२८

**सिद्धान्त ४: महिला श्रमिककोलागि सुरक्षित कार्यस्थल रहने**

४.१ गुनासो तथा विवाद ब्यवस्थापन प्रणाली अवलम्बन गरिने ।

४.२ एक्लै आएका महिला तथा पुरुषको लागि अलग अलग आवास ब्यवस्था गरिएको ।

४.३ गर्भवती महिलाहरुको लागि स्वास्थ्य सेवामा पहुँच भएको ।

४.४ मापदण्ड: दिवा शिशु स्याहार केन्द्रमा पहुंच भएको ।

## १. अवधारणा र औचित्य

ईट्टा उद्योग महासंघ (महासंघ) ले नेपाल सरकार द्वारा जारी गरेको श्रम ऐन (२०७४) तथा ईट्टा उद्योगमा काम गर्ने श्रमिकको लागि ब्यवसायजन्य सुरक्षा एवं स्वास्थ्य सम्बन्धी निर्देशिका (२०७४) लाई मान्यता प्रदान गरी उक्त नितिहरुलाई अभ्यास गरेर सबै श्रमिकहरुको हकहित सुरक्षित गर्ने हेतुले ब्यवहारिकतामा आधारित आचारसंहिता अवलम्बन गरी लागू गरेको छ। त्यसै अनुरुप महासंघका सदस्य उद्योगहरुले सजिलै रुपमा उक्त आचारसंहिता पालना गर्न सक्ने गरी ब्यवहारिकतामा आधारित नमूना सहित यो “श्रम ब्यवस्थापन तथा संचालन कार्यबिधि (Standard Operating Procedures-SOP)” तयार पारिएको छ।

यो कार्यबिधि हाल चलनचल्ती र संचालन गर्ने तौर तरिका र सम्बन्धित कागजात तथा ढांचाहरुलाई परिमार्जित गरी आचारसंहिताको सिद्धान्त सम्मत बनाइएको छ। यस कार्यबिधिमा प्रयोग भएका नमूनाहरु उद्योगीहरुलाई सान्दर्भिक र उपयोगी हुनेछ भन्ने आधारमा विभिन्न श्रोतहरुबाट पनि संकलन गरी यसमा प्रस्तुत गरिएको छ।

यो कार्यबिधि Department for International Development/UK Aid को आर्थिक सहयोग र ICIMOD द्वारा कार्यान्वयन गरिएको “Adoption of Cleaner Brick Production Project” अन्तर्गत महासंघको नेतृत्व तथा MinErgy को प्राविधिक सहयोगमा तयार परिएको हो।

## २. कार्यबिधिको दायरा

यो कार्यबिधि सकेसम्म सबै भौगोलिक तथा ब्यवसायिक परिस्थितिमा संचालन भईराखेका ईट्टा उद्योगहरुलाई सान्दर्भिक र उपयोगी बनाउन खोजिएको छ। तथापी नेपालका विभिन्न प्रदेश तथा जिल्लाहरुमा आफ्नै प्रकारका परिवेश भएको कारणले यसमा प्रस्तुत गरिएका कार्यविधि तथा नमूनाहरु प्रदेश अथवा जिल्ला संघहरुले आफ्नो परिवेश सुहाउदों परिमार्जन गरी प्रयोगमा ल्याउन सक्नेछ र यसको ब्यापक प्रयोग गरी आफ्नो उद्योगलाई सामाजिक सम्मानका साथमा दिगो रुपमा संचालन मद्दत गर्ने आशा गरिएकोछ। साथै यस कार्यविधि तथा यसमा उल्लेखित कुनै पनि बिषयवस्तुमा सुझाव भएमा नेपाल ईट्टा उद्योग महासंघमा लिखित रुपमा दिन अनुरोध गरिन्छ। यसमा उल्लेखित कुनै पनि बिषय, लिखत अथवा नमूनाहरु महासंघलाई उद्धरण गरी प्रयोगमा ल्याउन सकिनेछ।

नेपाल ईट्टा उधोग महासंघ
मंसिर २०७६

# सिद्धान्त १: प्रभावकारी रुपमा बालश्रमको अन्त्य

## १.१ मापदण्ड: कानूनी अभिभावक बिनाका १४ बर्ष मुनीका बालबालिकाहरुलाई उद्योगमा आउने तथा श्रममा संलग्नता गराउने छैन् ।

| क्र.सं | मापन सूचक | संचालन कार्यबिधि | नमूना साधन |
|---|---|---|---|
| १.१.१ | • १४ बर्ष मुनीका बालबालिकालाई ("कानूनी अभिभावक[1] बिना) उद्योगमा नल्याउने तथा काममा नलगाउने" भन्ने बुंदा कामदार र उद्योग व्यवस्थापन बिच सम्झौता पत्रमा उल्लेख गरिएको । | • कामदार ल्याउन नाईकेलाई पेश्की दिंदा अनिवार्य रुपमा नमूना नं १.१.१.१ अनुसार सम्झौता गर्न लगाउने ।<br>• सिजनमा कामदार उद्योगमा आउंदा अनिवार्य रुपमा नमूना नं १.१.१.२ अनुसार त्रिपक्षीय सम्झौता बुझाउने र हस्ताक्षर गर्न लगाउने । | • नमूना नं १.१.१.१ पेश्की सम्झौता पत्र ।<br>• नमूना नं १.१.१.२ त्रिपक्षीय सम्झौता पत्र ।<br>• यी नमूनामा विविध प्रकारको कामको प्रकृति अनुसार परिवर्तन गरी अन्यलाई पनि संझौता पत्र मसौदा गरी सम्झौता गर्ने । |

**नमूना साधन नं १.१.१.१**
**पेश्की सम्भौता पत्र**

उपरोक्त सम्बन्धमा ......................ठेगानामा अवस्थित ............................ ईट्टा उद्योगको पाकेको ईट्टा निकाल्ने र सो कामको लागि निम्न शर्त अनुसार कामदार तथा कामको निरिक्षण गर्ने सहमतिमा यो करारनामा गरिएको छ ।

शर्तहरु:

- ......... जना कामदार तथा कामको निरिक्षणको लागि पेश्की बापत रु.................... बुझिलिएको छ ।
- रु............. नाईकेको निरिक्षण खर्चको रुपमा नाईकेलाई दिईने छ ।
- कामदार ल्याउदा निम्न कुराको अनिवार्य रुपमा सुनिश्चितताको जिम्मा नाइके स्वयं आफैले लिनेछ ।
  - १४ बर्ष मुनिका बालबालिकालाई कानूनी अभिभावक बिना नल्याउने । यदि ल्याइएको खण्डमा नाइकेको खर्चमा नेपाल सरकारको नियम बमोजिम बाल कल्याण समितिको रोहबरमा कानूनी अभिभावकलाई जिम्मा दिन तयार भएको ।
  - अभिभावक संग आएका बालबालिकाको अनिवार्य रुपमा जन्मदर्ता अथवा जन्ममिति खुल्ने आधिकारीक कागजपत्रको प्रतिलिपि र हाल पढिरहेको बिद्यालयबाट ट्रान्सफर सर्टिफिकेट लिएर आउने ।
  - १४ देखि १८ बर्ष का बालबालिका ल्याउदां अनिवार्य रुपमा कानूनी अभिभावकको स्वीकृति पत्र लिएर आउने ।

| | |
|---|---|
| ................................ | ................................ |
| उद्योगको तर्फबाट | नाईकेको तर्फबाट |
| नाम:....................... | नाम:....................... |
| ठेगाना...................... | ठेगाना.................... |

१ कानद्रनी अभिभावक भन्नाले आमा, बुबा, १८ बर्ष नाघेका दाजु तथा दिदी अथवा राज्यले कानद्रनी रुपमा अभिभावक तोकिएको व्यक्तिलाई बुझिन्छ ।

## नमूना साधन नं १.१.१.२
## त्रिपक्षीय सम्झौता

लिखितम.............. मा अवस्थित ............. ईट्टा उद्योग र ...........................मा बस्ने श्री .......................... को नाति/नातिनी श्री ..........................को छोरा/छोरी बर्ष........को काँचो ईट्टा बनाउने श्री.............................. बीच निम्न शर्तको अधिनमा रही काँचो ईट्टा बनाउने काम गर्ने गराउन यस उद्योग र कामदार (पठेरा) बीच करारनामा गरिएको छ ।

**उद्योगको जिम्मेवारी :**

१. ईट्टा बनाउन आवश्यक मुछेको माटो कार्यस्थल सम्म पुऱ्याइदिने ।

२. काम गर्ने स्थान र आवासमा (झ्याउलीमा) बिजुलिको ब्यवस्था गरिदिने ।

३. काँचो ईट्टा बनाएको र चाङ्ग समेत लगाएको बापत प्रति हजार रु...........दिईनेछ र काँचो ईट्टा राम्रो नभएमा कामबाट बाहिर निकालिनेछ ।

४. हरेक हप्ता काम गरेर भएको उत्पादन बापत हुन आउने ज्यालाको बढिमा आधा (५० प्रतिशत) रकम पेश्की बापट लिएको रकममा कटाएर कामदारलाई दिईनेछ । बाँकी ५० प्रतिशत रकम पेश्कीमा मिलान गरिने छ । यदि काम गरेर पाकेको ज्याला (आधा) मा पनि कम मात्र लिन चाहेको अवस्थामा बाँकी हुन आएको रकम पेश्कीमा कटाई अथवा आवश्यक परेको अवस्थामा लिन पाउनेगरि उद्योगको जिम्मामा राख्न सकिनेछ ।

५. काँचो ईट्टा चाङ्ग लगाउदां पाकेको ईट्टा गोडिया लगाउनु पर्नेछ र गोडिया बिनाको काँचो ईट्टा लिन उद्योग बाध्य हुने छैन ।

६ ईट्टा बनाउनको लागि आवश्यक बाल्टिन १ थान, साँचो १ थान पछि फिर्ता लिने गरी दिईनेछ ।

७. काम गर्नको लागि आवश्यक ब्यवसायजन्य स्वास्थ्य सुरक्षाको सामाग्रीहरु जस्तै मास्क, पन्जा आदी आवश्यकता अनुसार उद्योगले प्रदान गरिनेछ ।

**कामदारको जिम्मेवारी**

१. काँचो ईट्टा आठै कुना बराबरी निकाली राम्रो सुत मिल्ने गरी बनाउनु पर्नेछ । यदि सो अनुसार नबनाएको खण्डमा उद्योगले पैसा तिर्न बाध्य हुने छैन ।

२. सहमति अनुसार जम्मा..................... काँचो ईट्टा मंसिर देखि चैत्र मसान्त सम्म बनाई बुझाई सक्नु पर्नेछ ।

३. काँचो ईट्टा बनाउनको लागि आवश्यक खला (काँचो ईट्टा बानाउने ठाउँ) र आफू बस्ने झ्याउली आफ्नो अनुकुल बनाउनु पर्नेछ ।

४. उद्योगमा कार्यरत कामदारले उद्योगमा कार्यरत हुँदा वा पछि पनि कुनै किसिमको बाल मजदुर प्रयोग गर्न पउने छैन ।

**अन्य शर्तहरु**

१. कामदारले दैनिक ८ घण्टा अथवा हप्ताको ४८ घण्टा (आधा घण्टाको विश्राम सहित) सम्म काम गर्न पाउने छ । हप्ताको अधिकतम २० घण्टा overtime गर्न पाउने छ । यदि सो भन्दा बढी काम गरेमा कामदारको राजीखुशी र आफ्नै जिम्मेवारीमा हुनेछ ।

२. दैनिक काम गर्ने समय तालिका कामदारको राजी अनुसार हुनेछ ।

३. कामदारले आफ्ना बालबालिकालाई अनिवार्यरुपमा बिद्यालय पठाउनेछ ।

४. कामदारले १४ बर्ष मुनीका आफ्ना बालबालिकालाई कुनैपनि किसिमको मजदुरीमा लगाउने छैन । यदि लगााएमा अभिभावक स्वंम जिम्मेवार हुनेछ र उद्योग कुनै जवाफदेही हुने छैन ।

५. दुबै पक्षको सहमतिमा यो सम्झौता एक महिनाको लिखित सूचना दिएर सम्झौता खारेज गर्न सकिनेछ । सम्झौता रद्द गर्दा दुबै पक्षले बांकी रकम फर्छ्यौंट र हिसाब मिलान अनिवार्य रुपमा गरी सके पछि मात्र एक महिनाको सूचनाको दिन लागु हुनेछ । बिना सूचना काममा नआए अथवा सम्झौता रद्द गरेमा दुवै पक्षले एक महिना बराबरको आम्दानी कट्टा गरीने छ ।

६. साप्ताहिक बिदा र हप्ता दिने दिन ........................................

७. कामको पारिश्रमिक भुक्तानी अथवा हिसाब फर्छ्यौंट मिलान गर्ने तरिका क) हरेक महिना ............अथवा ख) सिजनको अन्तमा ................

८. बैंक वा अन्य वित्तिय संस्थाको खातामा पारिश्रमिक भुक्तानी गर्ने ...... वा नगद पारिश्रमिक लिने..........(आपसी समझदारी अनुसार ।

९. यसै सम्झौता पत्र साथ संलग्न गरिएको सचेतना सम्बन्धि दृश्यात्मक सामाग्री तथा पर्चा (नमूना नं ३.३.२ र ब्यक्तिगत सुरक्षाको पर्चा अनुसारको) बुझ्ने र बुझाउने कार्य भई एक प्रति कामदारले नियमित प्रयोग गर्ने शर्तमा बुझेर लिएं ।

**कामदारको ब्यक्तिगत बिवरण**

नामः.................... उमेर ...................... लिंग............................. सम्पर्क...................................

नाईकेको नाम.......................... पेश्की लिएको रकम.................................. साथमा आएका परिवारको नाम, उमेर र सम्बन्ध क)............................... ख) ..................... ग)..........................

१४ बर्ष मुनिका अभिभावक संग आएका बालबालिकाको नाम र संख्या...........

| उद्योगको तर्फ ब्यपस्थापक | कामदार तर्फ | नाईकेको तर्फ |
|---|---|---|
| .................... | ...................... | ...................... |

ईति सम्बत............साल ................महिना................गते रोज शुभम्..........

| क्र.सं | मापन सूचक | संचालन कार्यबिधि | नमूना साधन |
|---|---|---|---|
| १.१.२ | • उद्योगमा आएका १४ बर्ष मुनीका बालबालिका (कानूनी अभिभावक बिना) लाई जिल्ला संघको रोहबरमा आफ्ना अभिभावकलाई फिर्ता गर्न अथवा पुनर्मिलन गर्न लिखित अभ्यास र अभिलेख राखिएको । | • उद्योग सुचारु रुपमा संचालन र पारदर्शी रोजगारीको अवस्था श्रृजना गर्नुको साथै सामाजिक उत्तरदायित्व बहन गर्नको लागी उद्योग भित्रका सरोकारवालाहरुको प्रतिनिधित्व हुने गरी नमूना नं १.१.२.१ अनुसार प्रत्येक सिजनको शुरुवातमा उद्योग ब्यवस्थापन समितिको गठन गर्ने ।<br>• ब्यवस्थापन समितिको सदस्यहरुको तस्बिर सहितको नाम सबैले देखिने गरी टाँस्ने र सबै कामदारलाई जानकारी दिने ।<br>• उद्योग ब्यवस्थापन समितिको बैठक बसेर नमूना नं १.१.२.२ अनुसार बालबालिकालाई अभिभावकको जिम्मा लगाउने । | • नमूना साधन १.१.२.१<br>• उद्योग ब्यवस्थापन समितिको कार्य बिवरण ।<br>• नमूना नं १.१.२.२ अभिभावक बिना आएका बालबालिका फिर्ता अथवा पुनर्मिलन गर्न नेपाल सरकारको नियम बमोजिम कार्यबिधि ।<br>• नमूना नं १.१.२.३ उद्योग ब्यवस्थापन समिति बैठकको माईन्युट । |

## नमूना साधन १.१.२.१
## उद्योग व्यवस्थापन समितिको कार्यबिवरण

भूमिका

यस उद्योगमा कामदारको हकहित सुनिश्चित गर्न, उद्योग सुचारु रुपमा संचालन र पारदर्शी रोजगारीको अवस्था श्रृजना गर्नुको साथै सामाजिक उत्तरदायित्व बहन गर्नको लागि यो समिति गठन गरिको हो । यस समितिको उद्देश्य तथा जिम्मेवारीहरु निम्न प्रकार छन् ।

उदेश्य

- कामदार तथा उद्योगको हकहितलाई सुनिश्चित गर्ने ।
- उद्योगमा दुर्घटना कम गराउने ।
- उद्योगमा झै-झगडा कम गराउने ।
- उद्योगमा गुनासोहरुको उचित ब्यवस्थापन गरी पिडितलाई न्यायोचित हक दिलाउने ।
- उद्योगलाई सुचारु रुपले संचालन गर्न मदत गर्ने ।

सदस्यहरु

- ७ अथवा ९ जनाको सदस्य हुनेछ । सम्भव भएसम्म ५० प्रतिशत महिलाको प्रतिनिधित्व गराउने नभएमा महिला सहितको समिति गठन गर्ने ।
- उद्योगमा काम गर्ने प्रत्येक किसिमका कामदारहरुको प्रतिनिधित्व हुनेगरी सदस्यहरुको चयन गर्ने ।

जिम्मेवारीहरु

- सुरक्षा तथा स्वास्थ्य समितिको रुपमा पनि कार्य जिम्मेवारी वहन गर्ने ।
- उद्योगमा काम गर्दा ब्यवसायजन्य स्वास्थ्य सुरक्षा सामाग्रीहरु पन्जा, मास्क, बुट, हेलमेट लगाएको सुनिश्चित गर्ने ।
- उद्योगको आन्तरिक समस्याहरु तथा कामदार बीच झै-झगडा मिलाउने ।
- आन्तरिक लेबर अडिट गर्ने ।
- गुनासो सुनवाई समितिको समेत जिम्मेवारी लिएर पिडितको पक्षमा काम गर्ने ।
- महिला कामदारहरुको सुरक्षा सुनिश्चित गर्ने ।
- बालश्रम हुन नदिने ।
- अभिभावक संग आएका बालबालिकाहरु बिद्यालय गएको सुनिश्चित गर्ने ।

## नमूना साधन १.१.२.२
## अभिभावक बिना आएका बालबालिका फिर्ता अथवा अभिभावकसंग पुनर्मिलन गर्ने कार्यबिधि

- यस ईट्टा उद्योगमा आएका १४ बर्ष मुनिका बाल बालिकाहरु कामदारको रुपमा आएमा निम्न प्रक्रिया अपनाएर बालबालिकाहरुलाई फिर्ता अथवा अभिभावकसंग पुनर्मिलन गराउने ।
- सिजनको सुरुवात १४ बर्ष मुनिका बाल बालिकाको अभिलेख र उनीहरुको उमेर प्रमाणित गर्ने कागजातको राम्रोसंग चेक जाँच गर्ने ।
- अभिलेखमा यदि कोही बालबालिका १४ बर्ष मुनिका र अभिभावक बिना आएको भेटीएमा तुरुन्त त्यसको जानकारी वडा अथवा नगरपालिकामा दिने ।
- नाईके संग समन्वय गरेर बालबलिकाको अभिभावकको र गाउँको नाम ठेगाना लिने ।
- नाईकेले दिएको जानकारी अनुसार कानूनी अभिभावकलाई बोलाई बालबालिका जिम्मा दिई अभिभावकसंग पुनर्मिलन गराउने ।
- बालबालिका फिर्ता अथवा अभिभावकसंग पुनर्मिलन गराउन लाग्ने खर्च उद्योगले ब्यहोर्ने ।
- मुचुल्का उठाउने ।

**नमूना साधन नं १.१.२.३**
**उद्योग व्यवस्थापन समितिको बैठकको नमूना माईन्युट**

श्री ................................ ईट्टा उद्योग ठेगाना..........................................
आज मिति ................................का दिन यस उद्योग व्यवस्थापन समितिका अध्यक्ष श्री .................... ज्यूको अध्यक्षतामा बसेको बैठकले निम्न सदस्यहरुको उपस्थितिमा देहाय प्रस्ताव उपर छलफल गरी निर्णय गरियो ।

उपस्थितिहरुः
१..................................
२..................................
३..................................
४..................................

प्रस्तावहरु
- अभिभावक बिना आएका १४ बर्ष मुनिका बालबालिकालाई उद्योगमा श्रममा नलगाउने र अभिभावकको जिम्मा लगाएर फिर्ता पठाउने बारे ।
- अभिभावकको जिम्मा लगाउनको लागि आवश्यक खर्च बारे ।

निर्णय
- प्रस्ताव नं १ उपर छलफल गर्दा १४ बर्ष मुनिका बालबालिकालाई श्रममा लगाउन नहुने हुँदा अभिलेखमा उल्लेखित त्यस्ता बालबालिकालाई अभिभावकको जिम्मा लगाउने निर्णय गरियो ।
- प्रस्ताव नं २ उपर छलफल गर्दा अभिभावकलाई जिम्मा लगाउनको लागि बिभिन्न खर्चको आवश्यक पर्ने हुँदा त्यस्तो सम्पुर्ण खर्च उद्योगलेनै ब्यहोर्ने निर्णय गरियो ।

## १.२ मापदण्डः अभिभावक सगै आएका १४ बर्ष मुनीका बालबालिकाहरुलाई श्रममा संलग्नता लगाउने छैन ।

| क्र.स. | मापन सूचक | संचालन कार्यबिधि | नमूना साधन |
|---|---|---|---|
| १.२.१ | उद्योगमा आएका १४ बर्ष मुनीका बालबालिका र सम्पूर्ण कामदारको उमेर खुल्ने आधिकारिक अभिलेख राखिएको । | हरेक सिजनको सुरुवातमा नमूना नं १.२.१.१ अनुसार १४ बर्ष मुनिका बालबलिकाको अभिलेख राख्ने । | नमूना नं १.२.१.१ १४ बर्ष मुनिका बालबालिकाको अभिलेख । |

**नमूना साधन नं १.२.१.१**
**अभिभावक संग आएका चौध बर्ष मुनिका बालबालिकाको अभिलेख**

| क्र. सं | बालबालिकाको नाम | लिङ्ग | अभिभावक को नाम | नाईकेको नाम | बिद्यालयको नाम | कक्षा | जन्म मिति | जन्मदर्ताको कागजात संलग्न भएको वा नभएको |
|---|---|---|---|---|---|---|---|---|
| १. | | | | | | | | |
| २. | | | | | | | | |
| ३. | | | | | | | | |
| ४. | | | | | | | | |

| क्र. स. | मापन सूचक | संचालन कार्यबिधि | नमूना साधन |
|---|---|---|---|
| १.२.२ | “१४ बर्ष मुनीका बालबालिकालाई श्रममा नलगाउने” भन्ने बुंदा श्रमिक र उद्योग ब्यवस्थापन बिच सम्झौतापत्रमा उल्लेख गरिएको । | त्रिपक्षीय सम्झौता गर्न लगाउने । | नमूना नं १.१.१.२ हेर्नुहोस् । |

## १.३ मापदण्डः १५ देखि १८ बर्षका बालबालिकाहरुलाई बिशेष परिस्थिति र शर्तमा मात्रै श्रममा संलग्नता गराउने ।

| क्र.सं | मापन सूचक | संचालन कार्यबिधि | नमूना साधन |
|---|---|---|---|
| १.३.१ | १५ देखि १८ बर्षका बालबालिकाहरुको कानूनी अभिभावक द्वारा काम गर्न दिइएको स्वीकृति पत्रको अभिलेख राखेको । | नाईकेले १५ देखि १८ बर्षका बालबालिका उद्योगमा ल्याउँदा नमूना नं १.३.१.१ अनुसार स्वीकृति लिएर मात्र ल्याउने । | नमूना नं १.३.१.१ स्वीकृति पत्र । |

**नमूना नं १.३.१.१**

**स्वीकृति पत्रको नमूना**

म ........................................, श्री..........................को नाति, श्री..............................को छोरा) ..................... .....................................मा बस्ने मेरो ............................बर्षको छोरा/छोरी ............................ लाई ............. ..................... ठेगानाको श्री ..................................... को जिम्मामा ............................. स्थानमा अवस्थित ........ ........................... ईट्टा उद्योगमा ............................ सम्बन्धि काम गराउन राजी भएको छु । सो रोजगारबाट कमाई भएको रकम मेरो ............................ छोरा/छोरीको नै हक लाग्नेछ ।

ईट्टा उद्योगमा अभिभावकको नाम...................................
दस्तखत................................................
मिति....................................................

कानुनी अभिभावकको नाम.............................
दस्तखत....................................................
मिति.....................................................

| क्र.सं | मापन सूचक | संचालन कार्यबिधि | नमूना साधन |
|---|---|---|---|
| १.३.२ | १५ देखि १८ बर्षका बालबालिकाहरुको काम गर्न मिल्ने सशर्तहरु उल्लेख भएको सम्झौता पत्रको अभिलेख र ाखेको । | सिजनमा १५ देखि १८ बर्षका बालबालिका उद्योगमा आउदा अनिवार्य रुपमा नमुना नं १.१.१.२ अनुसार त्रिपक्षीय सम्भौता मा थप शर्तहरु राख्ने, बुझाउने र हस्ताक्षर गर्न लगाउने । | नमुना नं १.१.१.२ त्रिपक्षिय सम्झौता पत्रमा निम्न शर्तहरु थप्ने ।<br>● बिहान ६ देखि बेलुकी ६ बजे सम्म मात्र काम गर्ने ।<br>● प्रत्येक ३ घण्टामा आधा घण्टाको बिश्राम ।<br>● परिक्षाको दौरान १० दिनको बिदा<br>● काम गर्ने समय र बिद्यालयको समय नबाझिने । |

| क्र.सं | मापन सूचक | संचालन कार्यबिधि | नमूना साधन |
|---|---|---|---|
| १.३.३ | १५ देखि १८ बर्षका बालबालिकाहरुको सूची सम्बन्धित निकायमा अभिलेख दिइएको । | हरेक सिजनको शुरुवातमा नमूना नं १.१.२ को बिवरण भरेर वडा कार्यालयमा बुझाउने । | १.३.२.१ वडा कार्यालयलाई बुझाएको पत्रको नमूना । |

**नमूना नं १.३.२.१**

**वडा कार्यालयलाई बिवरण बुझाएको चिठ्ठीको नमूना**

मिति..........................

श्री, ..........................अध्यक्ष ज्यू,

................................वडा कार्यालय

..............................................

बिषयः यस उद्योगमा रहेका १५ देखि १८ बर्षका बालबालिकाको अभिलेख बुझाउने सम्बन्धमा ।

महोदय,

उपरोक्त सम्बन्धमा यस उद्योग बालश्रमको बिरुद्धमा रहेको र बालश्रमलाई निर्मुल पार्ने प्रतिबद्ध रहेको कुरा अवगत गराउन चाहन्छ । यस उद्योगमा १५ देखि १६ बर्षका बालबालिकाहरुलाई कानुनी अभिभावकको स्वीकृतिमा कार्यरत रहेको हुनाले कार्यरत बालबालिकहरुको सूची यहि पत्र मार्फत यस कार्यालयमा बुझाउदछु ।

भवदीय

# सिद्धान्त २: रोजगारका शर्तहरुमा पारदर्शीता

## २.१ मापदण्ड: आवश्यक आधिकारिक र प्रामाणिक अभिलेख सहित रोजगारीको अवस्था भएको ।

| क्र.सं | मापन सूचक | संचालन कार्यबिधि | नमूना साधन |
|---|---|---|---|
| २.१.१ | • ज्याला, रोजगारको अवस्था र अन्य सेवा सुविधा स्पष्ट खुलेको दुबै पक्षले हस्ताक्षर गरिएको लिखित तथा आधिकारीक सम्झौता पत्र ।<br>• अतिकतम दैनिक ८ घण्टा वा साप्ताहिक ४८ घण्टा (आधा घण्टाको विश्राम सहित) ।<br>• हप्ताको अधिकतम २० घण्टा Overtime गर्न कामदारको इच्छा भएको ।<br>• हप्ताको एक दिन विदा ।<br>• कामको अवधि, काम र समय समेतको बिवरण ।<br>• काम गरेको ज्यालाबाट बाट ५० प्रतिशत पेश्की कटाएर प्रत्येक महिना ज्याला भुक्तानी गरिने । | • कामदार आएको पहिलो दिन अथवा काम शुरु गर्नु भन्दा पहिले सम्झौता पत्र १.१.१.२ मा हस्ताक्षर गराउने ।<br>• कामदारको काम र पारिश्रमिकको डायरीमा हस्ताक्षरको ब्यवस्था गर्ने र प्रत्येक महिनाको अन्तिममा दुबै पक्षको हस्ताक्षर द्वारा हिसाब मिलान गर्ने । | • नमूना नं १.१.१.२ हेर्नुहोस् ।<br>• नमूना नं २.१.१.१ काम र पारिश्रमिकको रेकर्ड । |

**नमूना नं २.१.१.१**
**काम र पारिश्रमिकको रेकर्ड**

कामदारको नाम...................................................

ठेगाना...........................................................

कार्य विवरण....................................................

| मिति | बिवरण | ईट्टा संख्या | प्रति गोटा दर/रेट | जम्मा कमाई | लिएको/बुझ्केको र कम | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

## २.२ मापदण्डः बैंक मार्फत पारिश्रमिकको भुक्तानी गरिने

| क्र.सं | मापन सूचक | संचालन कार्यबिधि | नमूना साधन |
|---|---|---|---|
| २.२.१ | कामदारको सुविधा अनुसार बैंक वा नगदमा भुक्तानी लिने दिने ब्यहोरा सम्झौतामा उल्लेख गर्ने । | कामदारको इच्छा अनुरुप बैंक वा वित्तिय संस्थाको खाता खोल्न लगाउने अथवा नगदमा पारिश्रमिक भुक्तानीको बारेमा सहमति गरी त्रिपक्षीय सम्झौतामा उल्लेख गर्ने । | बैंक वा वित्तिय संस्थाको भौचर नगदमा पारिश्रमिक भुक्तानी गर्ने सहमति र सम्झौता भएको खण्डमा त्रिपक्षीय सम्झौतामा उल्लेख भएको नमूना नं १.१.१.२ हेर्नुहोस् । |

| क्र.सं | मापन सूचक | संचालन कार्यबिधि | नमूना साधन |
|---|---|---|---|
| २.२.२ | नियमित कामदारको अभिलेख अनुसार बैंक खातामा जम्मा गरेको भौचर । | नियमित कामदारलाई अनिवार्य रुपमा बैंक वा वित्तिय संस्थाको खाता खोल्न लगाउने अथवा नगदमा पारिश्रमिक भुक्तानीको बारेमा सहमति गरी त्रिपक्षीय सम्झौतामा उल्लेख गर्ने । | बैंक वा वित्तिय संस्थाको भौचर नगदमा पारिश्रमिक भुक्तानी गर्ने सहमति र सम्झौता भएको खण्डमा त्रिपक्षीय सम्झौतामा उल्लेख भएको नमूना नं १.१.१.२ हेर्नुहोस् । |

## २.३ मापदण्डः न्यूनतम ज्यालाको ब्यवस्था गरिएका

| क्र.सं | मापन सूचक | संचालन कार्यबिधि | नमूना साधन |
|---|---|---|---|
| २.३.१ | महासंघ अथवा जिल्ला संघले परिश्रमको बैज्ञानिक रुपमा उचित मूल्याकंन गरी न्यूनतम ज्याला मूल्य निर्धारण गरेको अनुसार पारिश्रमिक दिइएको अभिलेख । | औसत उत्पादन अनुसार ज्याला निर्धारण गर्ने । | नमूना साधन २.४.१.१ पथेराको न्युनतम ज्याला निर्धारण गर्न एक उदाहरण । |

**नमूना साधन २.३.१.१**
**पथेराको न्युनतम ज्याला निर्धारण गर्न एक उदाहरण**

- श्रम निति अनुसार प्रति दिन न्युनतम ज्याला रु ५७६
- एकजना पथेराको प्रतिदिन (८ घण्टा कार्य समय) औसत ईट्टा उत्पादन गर्ने क्षमता = ६६६ गोटा
- प्रतिगोटा ईट्टाको ज्याला = दैनिक औसत ईट्टा उत्पादन/न्युनतम ज्याला

  = ६६६/५७६

  = रु ०.८६

तसर्थ प्रतिगोटा ईट्टा उत्पादनको न्युनतम ज्याला रु ०.८६ हुनुपर्दछ ।

## २.४ मापदण्डः पुष मसान्त भित्र आन्तरिक लेबर अडिट गरीएको

| क्र.सं | मापन सूचक | संचालन कार्यबिधि | नमूना साधन |
|---|---|---|---|
| २.४.१ | महासघको सल्लाह र मार्गदर्शन अनुसार आन्तरिक लेबर अडिटको रिर्पोट । | ब्यवस्थापन समितिले आन्तरिक अनुगमनको चेकलिष्ट अनुसार हरेक सिजनको सुरुवातमा अनुगमन गर्ने र अनुगमनपछि सल्लाह गरेर सुधार्नुपर्ने बुंदाहरुको कार्य योजना बनाउने । | नमूना नं २.४.१.१ आन्तरिक अनुगमनको चेकलिष्ट । |

**नमूना नं २.४.१.१**

**आन्तरिक अनुगमनको लागी चेकलिष्ट**

| क्र. सं | | छ | छैन | कहिले सम्म गर्ने |
|---|---|---|---|---|
| १ | बालश्रमको प्रयोग भएको छ कि छैन | | | |
| ३ | बालमैत्री सुविधायुक्त दिवा शिशु स्याहार केन्द्र (५० जना भन्दा बढी महिला भएको उद्योगमा) ब्यवस्था | | | |
| ४ | रोजगारका शर्तहरुमा पारदर्शिता भएको सम्झौता पत्रमा हस्ताक्षर | | | |
| ५ | बैंक मार्फत पारिश्रमिकको भुक्तानी | | | |
| ६ | आवास काम गर्ने थलो बाट १०० मिटर टाढा, सुरक्षित र 10x8x8 ft साइज को आवास | | | |
| ७ | ५० भन्दा बढि कामदार भएमा अलग्ग सुविधा युक्त बिश्राम गर्ने कोठा | | | |
| ८ | चमेना गृहको ब्यवस्था भएको (५० जना भन्दा बढी कामदार भएको) | | | |
| ९ | प्रति १५ जना कामदार बराबर एक ब्यवस्थित शौचालय तथा महिला पुरुषको लागी अलग अलग शौचालयको ब्यवस्था गरिएको | | | |
| १० | शौचालय प्रयोग गर्नको लागी कामदारहरुको पहुँच भएको स्थानमा अबस्थित भएको | | | |
| ११ | खुला रुपमा दिशा गर्न निषेध गरिएको | | | |
| १२ | सफा पानीको ब्यवस्था | | | |
| १३ | प्राथमिक स्वास्थ्य सेवा सुबिधा | | | |
| १४ | बत्तिको ब्यवस्था | | | |
| १५ | ब्यवसायजन्य सुरक्षा तथा स्वास्थ्यका उपाय अविलम्बन गरिएका | | | |
| १६ | ब्यक्तिगत दुर्घटना बिमा भएको | | | |
| १७ | चिकित्सा बिमाको ब्यवस्था गरिएको | | | |
| १८ | बिश्राम गर्ने समयको ब्यवस्था गरिएको | | | |
| १९ | गुनासो तथा विवाद ब्यवस्थापन प्रणाली अवलम्बन गरिएको | | | |
| २० | एक्लै आएका महिला तथा पुरुषको लागि अलग अलग आवास ब्यवस्था गरिएको | | | |
| २१ | गर्भवती महिलाहरुको लागि स्वास्थ्य सेवामा पहुँच भएको | | | |

# सिद्धान्त ३ः कार्यस्थलमा आधारभुत सुबिधा

## ३.१ सुरक्षित आवासको व्यवस्था गरिएको

| क्र.सं | मापन सूचक | संचालन कार्यबिधि | नमूना साधन |
|---|---|---|---|
| ३.१.१ | कामदारको आवास चिम्नीबाट आवश्यक दूरी र कामदारको इच्छा अनुरुप बनाइएको । | कामदार बस्ने घर फाईरिङ डग र कोईला कुट्ने ठाउँ भन्दा टाढा बनाउने । | |

| क्र.सं | मापन सूचक | संचालन कार्यबिधि | नमूना साधन |
|---|---|---|---|
| ३.१.२ | ५० भन्दा बढि कामदार भएमा अलग बिश्राम गर्ने स्थान । | एउटा काम गर्ने ठाउँबाट छुट्टै स्थानलाई बिश्राम स्थल बनाई साइनबोर्ड राख्ने । | नमूना नं .३.१.१.१ बिश्राम कक्ष । |

**नमूना नं .३.१.१.१**
**बिश्राम कक्ष**




| क्र.सं | मापन सूचक | संचालन कार्यबिधि | नमूना साधन |
|---|---|---|---|
| ३.१.३ | चमेना गृहको ब्यवस्था भएको (५० जना भन्दा बढी कामदार भएको) । | चमेना गृहमा साइनबोर्ड राख्ने । | नमूना नं .३.१.१.१ हेर्नहोस् । |

## ३.२ महिला तथा पुरुष कामदारहरुको लागि अलग अलग शौचालयको व्यवस्था गरिने ।

| क.सं | मापन सूचक | संचालन कार्यबिधि | नमूना साधन |
|---|---|---|---|
| ३.२.१ | प्रति १५ जना श्रमिक बराबर एक ब्यवस्थित शौचालय तथा महिला पुरुषको लागी अलग अलग शौचालयको ब्यवस्था गरिएको । | कामदारको अभिलेख अनुसार शौचालयको निर्माण गर्ने र महिला तथा पुरुषको शौचालय छुट्टिनेगरि चिन्ह राख्ने नमूना नं ३.२.१.१ । | नमूना नं ३.२.१.१ महिला तथा पुरुष शौचालयको चिन्ह । |

**नमूना नं ३.२.१.१**
**महिला तथा पुरुष शौचालयको चिन्ह**

महिलाको लागि शौचालय




पुरुषको लागि शौचालय



| क्र.सं | मापन सूचक | संचालन कार्यबिधि | नमूना साधन |
|---|---|---|---|
| ३.२.२ | शौचालय प्रयोग गर्नको लागी कामदारको पहुँच भएको स्थानमा अवस्थित भएको । | | |

| क्र.सं | मापन सूचक | संचालन कार्यबिधि | नमूना साधन |
|---|---|---|---|
| ३.२.३ | शौचलय सरसफाई गर्ने ब्यवस्था गरिएको । | शैचालय सरसफाई सम्बन्धि सन्देशहरु टाँस्ने । | नमूना नं ३.२.३.१ शैचालय सरसफाई सम्बन्धि सन्देशहरु । |

**नमूना नं ३.२.३.१**



| क्र.सं | मापन सूचक | संचालन कार्यबिधि | नमूना साधन |
|---|---|---|---|
| ३.२.४ | खुला रुपमा दिशा गर्न निषेध गरिएको । | उद्योगमा खुला रुपमा दिशा गर्न निषेध गरिएको साईनबोर्ड राख्ने । | नमूना नं ३.२.४.१खुला रुपमा दिशा निषेधित क्षेत्र । |

**नमूना नं ३.२.४.१**
**खुला रुपमा दिशा निषेधित क्षेत्र**



## ३.३ सफा पानीको व्यवस्थामा पहुँच भएको ।

| क्र.सं | मापन सूचक | संचालन कार्यबिधि | नमूना साधन |
|---|---|---|---|
| ३.३.१ | • दैनिक ५ लिटर प्रति ब्यक्ति पिउन योग्य खाने पानीको लागी ब्यवस्था गरिएको ।<br>• घरायसी प्रयोजनको लागी दैनिक ३० लिटर पिउन योग्य पानीको ब्यवस्था ।<br>• पानी शुद्धिकरण तथा पानीजन्य रोग बारे सचेत गरिएको । | • पानीको माग पुरा गर्नको लागि पर्याप्त पानीको स्रोत र भण्डारन गर्ने ।<br>• उपलब्ध पानीको सिजनको शुरुवातमा गुणस्तर जाँच गर्ने र टेष्ट रिपोर्टको फोटोकपी ट्यांकमा टास्ने र ओरिजिनल फाइलमा राख्ने ।<br>• नमूना नं ३.३.२ अनुसारको सचेतना जगाउने दृश्यात्मक सामाग्री तथा पर्चा कामदार आएको पहिलो दिनमा नै बुझाउने र एक प्रति दिने ।<br>• नमूना नं ३.३.२ अनुसारको सचेतना जगाउने दृश्यात्मक सामाग्रीको ठूलो पोष्टर अथवा होर्डिंग बोर्ड सबैले देख्ने ठाउँमा राख्ने । | • नमूना नं ३.३.१.१ पानीको गुणस्तर जाँच ।<br>• नमूना नं ३.३.१.२ पानी, सरसफाई तथा स्वास्थ्य सम्बन्धि सचेतजा जगाउने दृश्यात्मक सामाग्री । |

**नमूना नं ३.३.१.२**

**पानी, सरसफाई तथा स्वास्थ्य सम्बन्धि सचेतजा जगाउने दृश्यात्मक सामाग्री**



## ३.४ प्राथमिक स्वास्थ्य सेवामा पहुँच भएको ।

| क्र. सं | मापन सूचक | संचालन कार्यबिधि | नमूना साधन |
|---|---|---|---|
| ३.४.१ | प्राथमिक उपचारमा तालिम प्राप्त कम्तिमा २ जना उद्योग संचालन दौरान उपलब्ध गरिएको । | जिल्ला संघ अथवा रेडक्रस संग समन्वय गरेर प्राथमिक उपचारको तालिममा पठाउने र उद्योगमा प्रथमिक उपचार कक्षको ब्यवस्था गर्ने । | नमूना नं ३.४.१.१ प्रथमिक उपचार कक्ष । |

**नमूना नं ३.४.१.१**
**प्रथमिक उपचार कक्ष**



| क्र.सं. | मापन सूचक | संचालन कार्यबिधि | नमूना साधन |
| --- | --- | --- | --- |
| ३.४.२ | ईट्टा उद्योगमा काम गर्ने श्रमिकको लागि ब्यवसायजन्य सुरक्षा एवं स्वास्थ्य सम्बन्धी निर्देशिका (२०७४) अनुरुप प्राथमिक उपचार बाकस र सुबिधा उपलब्ध गरिएको (आइस पायक् बाहेक) । | प्राथमिक सेवाको बाकस तालिम प्राप्त ब्यक्तिको पहुँच हुने गरी उपलब्ध गराउने । | नमूना नं ३.४.२.१ प्राथमिक उपचारको लागि चाहिने सामाग्रीको सूची । |

**नमूना नं ३.४.२.१**
**प्राथमिक उपचारको लागि चाहिने सामाग्रीको सूची**

ईट्टा उद्योगमा काम गर्ने श्रमिकको लागि ब्यवसायजन्य सुरक्षा एवं स्वास्थ्य सम्बन्धी निर्देशिका, (२०७४)

**श्रमिकका लागि देहाय बमोजिमको सामग्री भएको "फस्ट एड कीट" (प्राथमिक उपचार साधन) को ब्यवस्था गरिएको हुनु पर्ने ।**

**(क)** **प्राथमिक उपचार सामग्री ड्रेसिङ र ब्याण्डेज, विभिन्न आकारका ५ वटा एड्हसिभ ब्याण्डेज, २ वटा गज प्याड (३ x ३ ईन्च), २ वटा गज प्याड (४ x ३ ईन्च), गज रोल, एड्हेसिभ टेप रोल, नाडी, कुहिनो, घुँडा र गोली गाँठोमा बाँध्ने तन्कने किसिमको ब्याण्डेज (क्रेप ब्याण्डेज), चोटपटक लाग्दा बाँध्ने र नाडी झुण्ड्याउन मिल्ने २ वटा त्रिकोणीय ब्याण्डेज, र सर्जिकल कपास ।**

**(ख)** **एक जोडा पन्जा (रगत वा शरीरबाट निस्कने अरू तरल पदार्थहरूको खतराबाट जोगिन लगाउने), तत्काल चिसो पार्ने आईस प्याक, ब्याण्डेज बाँध्ने सुरक्षित खालको पिन, थर्मोमिटर, गज काट्ने कैंची, फोरशेप, आकस्मिक सेवाका लागि सम्पर्क टेलिफोन नम्बरहरू भएको सूची ।**

**(ग)** **बनौल, पोभिडाइन आयोडीन वा क्लोरकेक्सिडाइन जस्ता घाउ सफा गर्ने एन्टिसेप्टिक, बेसिट्रासिन वा मरकिरोसिन तत्व भएका एण्टिबायोटिक मल्हम, एन्टि एलर्जिक क्रिम, मल्हम वा लोसन ।**

**(घ)** **निमोसिड, सिटामोल, एसिटाफिनोमिन वा आइबुफेन ४०० एम.जी. जस्ता दु:खाई र ज्वरो कम गर्ने औषधीहरू, झाडापखालाको औषधी ईलेक्ट्रोलाईट पाउडर (ओ रएस), ग्लुकोज पाउडर, मेट्रोनिडाजोल ४०० एम.जी., एण्टासीड र बोस्कोपान आदि ।**



## ३.५ बत्तिमा पहुँच भएको ।

| क्र.सं. | मापन सूचक | संचालन कार्यबिधि | नमूना साधन |
|---|---|---|---|
| ३.५.१ | कार्यस्थल, आवास तथा शौचालयमा बत्तिको ब्यवस्था गरिएको । | | |

## ३.६ ब्यवसायजन्य सुरक्षा तथा स्वास्थ्यका उपाय अविलम्बन गरिएको ।

| क्र.सं. | मापन सूचक | संचालन कार्यबिधि | नमूना साधन |
|---|---|---|---|
| ३.६.१ | आगो संग सम्बन्धित काम गर्ने लाई प्रत्येक २ घण्टाको ३ सिफ्ट र विचमा १ घण्टाको बिश्राम । | नमूना नं ३.६.१ अनुसारको कालो अथवा सेतो पाटिमा डगमा देख्ने गरी राख्ने र मुख्य फायरमास्टरलाई सो सूचना पाटि भर्न सिकाउने । सोहि अनुसारको रेकर्ड लिखित रुपमा खातामा पनि राख्ने । | नमूना नं ३.६.१.१ आगोमा काम गर्नेको लागि समय तालिका । |

**नमूना नं ३.६.१.१**
**आगोमा काम गर्नेको लागि समय तालिका**

| Date | Shift/time | Worker | Chamber | | No. of lines | No. of lines fired | Remarks |
|---|---|---|---|---|---|---|---|
| 3/8/2016 | 12:00 AM – 6:00 AM | A1, A2, A3 | Ch 1 | Ch 5 | 10 | 2 | |
| | 6:00 AM – 12:00 PM | B1, B2, B3 | Ch 2 | Ch 6 | 10 | 0 | |
| | 12:00 AM – 6:00 AM | A1, A2, A3 | Ch 2 | Ch 8 | 12 | 4 | |
| | 6:00 AM – 12:00 PM | B1, B2, B3 | Ch 4 | Ch 9 | 10 | 2 | |
| | | | | | | **Total = 8 lines** | |
| 3/9/2016 | 12:00 AM – 6:00 AM | A1, A2, A3 | Ch 5 | Ch 11 | 12 | 4 | |
| | 6:00 AM – 12:00 PM | B1, B2, B3 | Ch 7 | Ch 12 | 10 | 0 | |
| | 12:00 AM – 6:00 AM | A1, A2, A3 | Ch 7 | Ch 12 | 10 | 2 | |
| | 6:00 AM – 12:00 PM | B1, B2, B3 | Ch 8 | Ch 13 | 10 | | |
| | | | | | | | |

नोटः एक सिफ्टमा १ जनाले झोकाई गर्दा अर्कोले आराम गर्ने ब्यवस्था गर्नुपर्छ ।

| क्र.सं | मापन सूचक | संचालन कार्यबिधि | नमूना साधन |
|---|---|---|---|
| ३.६.२ | ईट्टा पकाउने ठाउँमा सावधानी सूचना सहित ६ इन्च इन्सुलिन । | ईट्टा पकाउने डगमा सावधानी सूचना राख्ने । | नमूना नं ३.६.२.१ डगमा सावधानीको दृश्यात्मक सामाग्री । |
| ३.६.३ | नचिप्लिने सतह मिलाइएको बाटो र सुरक्षित भऱ्याङ्ग । | | |
| ३.६.४ | मेसिनमा सुरक्षा सामाग्री सहित तालिम प्राप्त दक्ष कामदारको मात्र प्रयोग । | कामदार बाहेक अन्य ब्यक्तिलाई प्रवेश निषेधको साईनबोर्ड राख्ने । | |
| ३.६.५ | छेकबार लगाइएको खाल्डा वा पोखरी । | खाल्डा वा पोखरीमा सावधानको साइनबोर्ड राख्ने । | |
| ३.६.६ | सुरक्षा तथा स्वास्थ्य समिति (२० भन्दा बढी भएमा) । | सुरक्षा तथा स्वास्थ्य समितिको जिम्मेवारी उद्योग ब्यवस्थापन समितिको लाई नै दिने । | नमूना साधन १.१.३.१ उद्योग ब्यवस्थापन समितिको कार्य बिवरण । |
| ३.६.७ | ब्यवसायजन्य खतरा तथा जोखिमको बारेमा चेतना मूलक कार्यक्रम । | नमूना नं ३.६.९.१ अनुसारको सचेतना जगाउने दृश्यात्मक सामाग्री तथा पर्चा कामदार आएको पहिलो दिनमा नै बुझाउने र एक प्रति दिने ।<br><br>नमूना नं ३.६.९.१ अनुसारको सचेतना जगाउने दृश्यात्मक सामाग्रीको ठूलो पोष्टर अथवा होर्डिंग बोर्ड सबैले देख्ने ठाउँमा राख्ने । | नमूना नं ३.६.७.१ ब्यवसायजन्य खतरा तथा जोखिमको बारेमा चेतना मूलक सम्बन्धि सचेतना जगाउने दृश्यात्मक सामाग्री । |
| ३.६.८ | ब्यक्तिगत सुरक्षा सामाग्रीका ब्यवस्था गरिएको । | त्रिपक्षिय सम्झौतामा उल्लेख गरिए अनुसार ब्यक्तिगत सुरक्षा सामाग्रीका ब्यवस्था गराउने । | |
| ३.६.९ | उद्योगको महिला तथा पुरुष कामदारको संख्या र सन्दर्भ हेरी सबै प्रकारको सरोकारवालाहरुको प्रतिनिधित्व (कम्तीमा पनि ३३ प्रतिशत महिला) हुने गरी एक OSH समितिको कार्यशील रहेको । | उद्योग ब्यवस्थापन समितिको गठन गरेर समितिको नाम सहितको साईनबोर्ड राख्ने । | नमूना साधन १.१.३.१ उद्योग ब्यवस्थापन समितिको कार्य बिवरण । |
| ३.६.१० | OSH समितिको माइन्यूत । | | |
| ३.६.११ | उद्योग स्तरीय ब्यवसायजन्य सुरक्षा तथा स्वास्थ्यको निति तथा नियम जसमा निम्न कुराहरु पनि उल्लेखित भएको हुनेछ । ईट्टा बोक्ने कामदारलाई स्वेच्छा अनुरुप भार बोक्न दिइएको । | | |

**नमूना नं ३.६.२.१**

**डगमा सावधानीको दृश्यात्मक सामाग्री**



**नमूना नं ३.६.७.१**

**पानी, सर–सफाई तथा स्वास्थ्य सम्बन्धि सचेतजा जगाउने दृश्यात्मक सामाग्री**



## ३.७ व्यक्तिगत दुर्घटना बिमा भएको ।

| क्र.सं | मापन सूचक | संचालन कार्यबिधि | नमूना साधन |
|---|---|---|---|
| ३.७.१ | कम्तीमा रु ७ लाखको दुर्घटना बिमा गरेको आधिकारिक बिमा कागजात । | बिमा कम्पनीसंग समनवय गरेर सामुहिक बिमा गर्ने । | |

## ३.८ चिकित्सा बिमाको व्यवस्था गरिएको ।

| क्र.सं | मापन सूचक | संचालन कार्यबिधि | नमूना साधन |
|---|---|---|---|
| ३.८.१ | कम्तीमा रु १ लाखको चिकित्सा बिमा जसमा उद्योगको तर्फबाट बिमा प्रिमियमको लागि कम्तीमा ५० प्रतिशत लगानी गरिएको आधिकारिक बिमा कागजात । | कामदारको सम्झौता पत्रमा बिमाको कुरा उल्लेख गर्ने । | नमूना नं १.१.१.२ हेर्नुहोस । |

## ३.९ बिश्राम गर्ने समयको व्यवस्था गरिने ।

| क्र.सं | मापन सूचक | संचालन कार्यबिधि | नमूना साधन |
|---|---|---|---|
| ३.९.१ | उद्योगको काम र मौसमको अवस्था र सन्दर्भ हेरी प्रत्येक ५ घण्टाको लगातार काम पश्चात आधा घण्टाको बिश्राम समय तोकिएको । | सबैले देख्ने ठाउँमा बिश्राम तालिका टाँस्ने र बिश्राम समयमा घण्टी बजाउने ब्यवस्था मिलाउने । | नमूना नं ३.९.१.१ बिश्राम तालिका । |

**नमूना नं ३.१.९.१**
**बिश्राम तालिका**

१८ बर्ष भन्दा माथिका कामदारका लागि

| **क्र.स.** | **समय** | **विवरण** |
|---|---|---|
| १ | बिहान...............बजे देखि..............बजे सम्म | काम गर्ने |
| २ | बिहान...............बजे देखि..............बजे सम्म | खाना खाने |
| ३ | बिहान...............बजे देखि..............बजे सम्म | काम गर्ने |
| ४ | बिहान...............बजे देखि..............बजे सम्म | आराम गर्ने |
| ५ | बिहान...............बजे देखि..............बजे सम्म | काम गर्ने |

१५ देखि १८ बर्क्षका कामदार बालबालिकाको लागि

| **क्र.स.** | **समय** | **विवरण** |
|---|---|---|
| १ | बिहान...............बजे देखि..............बजे सम्म | काम गर्ने |
| २ | बिहान...............बजे देखि..............बजे सम्म | खाना खाने |
| ३ | बिहान...............बजे देखि..............बजे सम्म | काम गर्ने |
| ४ | बिहान...............बजे देखि..............बजे सम्म | आराम गर्ने |
| ५ | बिहान...............बजे देखि..............बजे सम्म | काम गर्ने |

## सिद्धान्त ४: महिला श्रमिककोलागि सुरक्षित कार्यस्थल रहने

### ४.१ गुनासो तथा विवाद ब्यवस्थापन प्रणाली अवलम्बन गरिने ।

| क्र.सं | मापन सूचक | संचालन कार्यबिधि | नमूना साधन |
|---|---|---|---|
| ४.१.१ | ब्यवस्थापन, श्रमिक तथा नाइकेको प्रतिनिधि – महिलाको अनिवार्य सहभागीता साथै संख्याको आधारमा सहभागिता) सहितको गुनासो समाधान समिति ब्यवस्थित गरी क्रियाशील भएको । | गुनासो समाधान समितिको जिम्मेवारी उद्योग ब्यवस्थापन समितिको लाई नै दिने । | नमूना साधन १.१.३.१ उद्योग ब्यवस्थापन समितिको कार्य बिवरण । |
| ४.१.२ | गुनासो समाधान गर्न आधिकारिक प्रक्रिया स्थापित भएको । | गुनासो समाधान गर्न आधिकारिक प्रक्रिया बनाउने ।<br>सबैले देख्ने ठाउँमा सुझाव पेटिका राख्ने । | |
| ४.१.३ | गुनासो समाधान गर्न आधिकारिक प्रक्रियाबारे सबै महिला तथा पुरुष कामदारलाई जानकारी भएको । | गुनासो समाधान गर्न आधिकारिक प्रक्रियाबारे कामदार आएको पहिलो दिनमा नै बुझाउने । | |

### ४.२ एक्लै आएका महिला तथा पुरुषको लागि अलग अलग आवास ब्यवस्था गरिएको ।

| क्र.सं | मापन सूचक | संचालन कार्यबिधि | नमूना साधन |
|---|---|---|---|
| ४.२.१ | एक्लै आएका महिला तथा पुरुषको लागि अलग अलग, सामुहिक अथवा इच्छा अनुसार आवास ब्यवस्था । | महिला तथा पुरुषको लागि छुट्टै महिला तथा पुरुष छुटिने चिन्ह सहित आवासको ब्यवस्था गर्ने । | |

### ४.३ गर्भवती महिलाहरुकोलागि स्वास्थ्य सेवामा पहुँच भएको ।

| क्र.सं. | मापन सूचक | संचालन कार्यबिधि | नमूना साधन |
|---|---|---|---|
| ४.३.१ | गर्भवती महिलाहरुको लागि स्वास्थ्य सेवामा पहुँच दिन बिभिन्न उपाय अपनाइएको अभिलेख । | प्राथमिक उपचारको तालिम प्राप्त ब्यक्तिले नजिकको स्वास्थ चौकीमा उपलब्ध सेवाको बारेमा जानकारी दिने । महिला तथा गर्भवति महिलालाई सो सेवा लिन प्रेरित गर्ने । | |
| ४.३.२ | उद्योग भित्र अभिभावकसंग आएका अथवा बालिग किशोरी (१३ देखि २० बर्ष सम्म) कामदारहरुको सुरक्षाको लागि चेतना कार्यक्रम ब्यवहारिक तथा आवश्यक अनुसार गरिएको । | | |

## ४.४ मापदण्डः दिवा शिशु स्याहार केन्द्रमा पहुँच भएको ।

| क्र.स. | मापन सद्रचक | संचालन कार्यबिधि | नमूना साधन |
|---|---|---|---|
| १.१.५ | सहजकर्ता सहितको दिवा शिशु स्याहार केन्द्र उद्योग परिसर भित्र सुरक्षित स्थान, अथवा पायक पर्ने उद्योगहरुको संयुक्त दिवा शिशु स्याहार केन्द्र संचालन अथवा नजिकको शिशु स्याहार केन्द्र संगको सम्झौता भएको । | दिवा शिशु स्याहार केन्द्रको स्थापना र संचालन गर्ने । | नमूना नं १.१.५.१ शिशु स्याहार केन्द्र स्थापना गर्नको लागी मापदण्ड आवश्यक सामाग्री तथा ब्यवस्थाको सूची । |

**नमूना नं १.१.५.१**

**शिशु स्याहार केन्द्र स्थापना गर्नको लागी मापदण्ड आवश्यक सामाग्री तथा ब्यवस्थाको सूची**

अनुसूची - ११

**नयाँ स्थापना हुने शिशु स्याहार केन्द्रमा गर्नुपर्ने प्रमुख क्रियाकलापहरुको सूचिकृत बिबरण**

१. शिशु स्याहार केन्द्रको सम्बन्धमा ब्यबसायी तथा ब्यबसायीका प्रतिनिधिहरुसंग बैठक संञ्चालन ।

२. शिशु स्याहार केन्द्र स्थापना वा निर्माणका लागि जग्गा छनौट ।

३. शिशु स्याहार केन्द्रमा आउँन सक्ने बालबालिकाको नामावली संकलन ।

४. नाईके तथा अभिभावकको भेला गरी शिशु स्याहार केन्द्रको बारेमा सामान्य जानकारी ।

५. शिशु स्याहार केन्द्रको भवनको लागि योजना तयारी (कति कोठा बनाउने , के को छाना राख्ने आदि) ।

६. शिशु स्याहार केन्द्रमा आवश्यक सामाग्रीको लिष्ट तयारी गर्ने ।

७. सहयोगी कार्यकर्ताको तालिमको सम्बन्धमा मिति तयारी गर्ने ।

८. सहयोगी कार्यकर्ता तालिमको लागि ब्यक्ति छनौट गर्ने ।

९. तालिम दिने संस्था छनौट गर्ने ।

१०. सहयोगी कार्यकर्ता तालिमको रकम कसले ब्यहोर्ने हो सो को बारेमा प्रष्ट हुने ।

११. स्थानीय सामाग्रीबाट निर्माण हुन सक्ने सामान तयारी गर्ने ।

१२. ब्यबस्थापन समितिको लागि ब्यक्ति छनौट गर्ने ।

१३. भवन निर्माणको लागि ब्यक्ति छनौट गर्न ब्यबसायीलाई सम्झाउने ।

१४. भवन निर्माणको लागि लाग्ने खर्च ब्यबसायीसंग बसेर छलफल गरि तयार गर्न सहयोग गर्ने ।

Source: VSBK Programme Nepal/Skat Consulting, 2006

अनुसूचि - १९ (ङ)

## सहजकर्ताहरुको दैनिक कार्य तालीका

| | |
|---|---|
| ६:३० | सहजकर्ताहरुले केन्द्र खोल्ने । |
| ७:००-७:३० | प्रार्थना व्यायाम (बाहिरी खेल) । |
| ७:३०-८:०० | बौद्धिक विकास सम्बन्धी क्रियाकलाप (चेतनाको विकास, स्मरण शक्ति र अवलोकन सीपहरुको विकास, अवधारणाहरुको विकास, पूर्व संख्या, तापक्रम, समय, वातावरण, आकार, प्रकार, रङ, सजीव, निर्जीव, अक्षर, आवाज) समस्या समाधान गर्ने र तर्क दिन सक्ने क्षमता विकास, वर्गिकरण सीपको विकास, क्रमवद्ध चिन्तनको विकास । |
| ८:००-८:३० | सामाजिक विकास सम्बन्धी क्रियाकलाप (सामाजिक क्रियाकलाप, बानी व्यवहार, सामुहिक कार्यक्रममा सहभागीता, एक अर्कामा मदत गर्ने, आदान प्रदान गर्ने सामाजिक संस्कृत परम्परा, पारिवारिक सम्बन्धको बोध, घर, बाल स्याहार केन्द्रको ठेगाना, व्यक्तिगत सरसफाई, पेशागत नाम, वहानहरुको नाम, चाडपर्वहरुको नाम) । |
| ८:३०-९:०० | संवेगात्मक विकास सम्बन्धी क्रियाकलाप (बालबालिकामा निहित भावना व्यक्त गर्न लगाउने, विभिन्न संवेग व्यक्त गर्न लगाउने, (रिस, डर, त्रास) गीत, नाच, नाटकबाट भाव व्यक्त गर्न लगाउने, आत्ममर्यादाको भावना, जन्मोत्सव) । |
| ९:००-१०:३० | हात मुख धुने खाजा खुवाउने सुताउने । |
| १०:३०-११:३० | शारीरिक विकास सम्बन्धी क्रियाकलाप (स्थुल मांसपेशी विकासको लागि उपयुक्त क्रियाकलाप (कोठा भित्र र बाहिर) सुक्ष्ममांशपेसी विकासको लागि उपयुक्त क्रियाकलाप (हातको माध्यमबाट गर्ने) । |
| ११:३०-१२:०० | भाषा विकास सम्बन्धी क्रियाकलाप (सुनाई, बोलाई, पढाई, लेखाई सम्बन्धी क्रियाकलाप) |
| १२:००-२:०० | विश्राम |
| २:००-२:२० | सृजनात्मक विकास सम्बन्धी क्रियाकलाप - कला र शिप (चित्र कला हस्तकला) सृजनात्मक चिन्तन गराउने । |
| २:२०-२:४० | गीत, नाटक, सांगीतीक चालचलन । |
| २:४०-३:०० | कथा भन्ने कथा भन्न लगाउने |
| ३:००-३:२० | हाजिरी, बिदाई गीत, सरसफाईको पुन निरिक्षण । |
| ३:२०-४:०० | भोलीको कार्यक्रम बारे छलफल तथा योजना बनाउने । |

- ठूलो फ्लिप चार्टमा दैनिक कार्य तालिकालाई मोटो अक्षरले लेख्ने ।
- अक्षर स्पष्ट बुझिने र ठूलो पारेर लेख्ने ।
- सबैले प्रष्ट देख्न सक्ने तर बालबालिकाले नभेट्ने ठाउँमा टाँस्ने ।

Source: VSBK Programme Nepal/Skat Consulting, 2006

## शिशु स्याहार तथा बाल विकास केन्द्र स्थापना गर्दा विचार पुऱ्याउनु पर्ने कुराहरु

- कम्तिमा तीन वटा कोठा भएको भवन ।
- त्यस तीन वटा कोठा मध्ये एकवटा बालबालिका खेल्ने कोठा, एकवटा भान्सा कोठा र एकवटा भण्डारण कोठा (स्टोर) रहने छ ।
- बालबालिक खेल्ने कोठा पनि बालबालिकाको उमेरगत आधारमा एउटामा साना शिशुहरु राख्ने र अर्कोमा हुर्केका बालकालिका खेल्ने भएमा अझ बेश हुनेछ ।
- दुइ उमेरगत स्तरका बालबालिकाहरुको लागि छुट्टा छुट्टै कोठाहरुको व्यवस्था गर्न नसकिएमा एउटै ठूलो कोठामा साधारण बार लगाएर दुवै उमेरग बालबालिकाहरुलाई छुट्टा छुट्टै राख्न सकिन्छ ।
- कोठामा प्रशस्त उज्यालो जाने झ्याल तथा ढोकाहरु हुनु पर्ने ।
- बालबालिकाले खेल्ने चौर फराकिलो हुनु पर्ने ।
- शौचालयको राम्रो व्यवस्था हुनु पर्ने ।
- बालबालिका सुरक्षित हुने ठाउँमा हुनु पर्ने ।
- भट्टाको धुलो धुवा नलाग्ने केहि टाढा स्थान हुनु पर्ने ।
- झ्याउलीबाट नजिक पायक पर्ने स्थान हुनु पर्ने ।

Source: VSBK Programme Nepal/Skat Consulting, 2006

सर्वाधिकार © एफएनबिआई २०२०

कलंकी, काठमाण्डौ, नेपाल
फोन नं.: ०१-५१९५३३३२
email: fednep.brick.indus@gmail.com
web: http://www..fnbi.org.np